## प्रतिलिपि अधिकार सम्बन्धमा जिल्ला तथा पुनरावेदन अदालतबाट भएका फैसलाहरू

अपडेट: २०६९।२।१२

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| १ | नेपाली संगीत उद्यमी संघ काठमाडौंको जाहेरीले नेपाल सरकार विरुद्ध कास्की जिल्ला पोखरा उपमहानगर पालिका वडा नं. ४ गणेशटोल घर भई पोखरा-४ मा कर्नर अडियो सञ्चालन गरी बस्ने धर्मेन्द्र थापा समेत । | पोखरा चिप्लेढुङ्गा स्थित कर्नर अडियो भिडियोका प्रोपाइटर धर्मेन्द्र थापा, मिलेनियम अडियो भिडियोका प्रोपाइटर गंगाधर दाहाल र भण्डारी इलेक्ट्रोनिक अडियो भिडियोका प्रोपाइटर पुष्प भण्डारीले अडियो भिडियो क्यासेट चक्काहरू डबिङ गरी बिक्री वितरण गर्ने गरेकोले निजहरूलाई कानून बमोजिम कारवाही गरी पाऊँ भन्ने व्यहोराको नेपाली संगीत उद्यमी संघ काठमाडौंको जाहेरी परेको । प्रतिवादीहरूले बरामदी मुचुल्कामा उल्लेखित संगीतका रचना र श्रव्यदृष्य रचना, रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी आर्थिक लाभ उठाउने तथा व्यापारिक उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनि अंकनका प्रतिलिपिहरू आफ्नै पसलमा भएको कम्प्युटरबाट उत्पादन गरी बिक्री वितरण गरेको देखिंदा निजहरूलाई प्रतिलिपि अधिकार ऐन बमोजिम कारवाही गरी पाउन वादी नेपाल सरकारको अभियोग दावी परेको । | प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३ मा कुनै पनि रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुनेछ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा अधिकार प्राप्त व्यक्ति वा कम्पनीको स्वीकृति बेगर गीति क्यासेटहरू उत्पादन गरी बिक्री वितरण गरेकोले प्रतिवादीहरूले गरेका कार्य प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ को (१) (क) को कसुर देखिएकोले निजहरूलाई अभियोग पत्र मागदावी बमोजिम उक्त **ऐनको दफा २७(१) बमोजिम जनही रू. १०,०००।- जरिवाना गर्ने गरी जिल्ला अदालत कास्कीबाट मिति २०६२।१।१५ मा शुरु फैसला** भएको । | शुरु अदालतले प्रतिवादीहरूबाट बरामद भई आएका पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत गर्नु पर्नेमा सो नगरी उक्त सामग्री निजहरूलाई नै फिर्ता दिने भनी फैसलाको तपसील खण्डमा लेखिएकोले सो सामग्री जफत गरी पाउन वादी पक्ष नेपाल सरकारको पुनरावेदन परेको । साथै स्वतन्त्र र वस्तुनिष्ठ आधार बेगर जरिवाना गर्ने सजायको फैसला शुरु तहको अदालतबाट भएकोले अभियोग दावीबाट सफाई पाऊँ भनी प्रतिवादीहरूको संयुक्त पुनरावेदन परेकोमा **पुनरावेदन अदालत पोखराको संयुक्त इजलासबाट प्रतिवादीहरूको पुनरावेदन जिकिर नपुग्ने ठहर गर्दै वादी दावी बमोजिम उक्त सामग्रीहरू जफत हुने ठहर सहितको फैसला मिति २०६३।२।२३ मा भएको ।** | **१ वर्ष १ महिना ८ दिन ।** |

| क.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| २. | का.जि.का.म.न.पा. वडा नं. ६ बस्ने राम थापा विरुद्ध ऐ.ऐ. वडा नं. ११ त्रिपुरेश्वर स्थित ब्लु बर्ड डिपार्टमेन्टल विल्डिङमा कार्यालय रहेको ओपल इन्टरनेशनलका सन्चालक आनन्द तुलाधर समेत । | ०३८ सालमा रेडियो नेपाल प्रा.लिबाट क्यासेट एल्बम समेत प्रकाशित भई प्रचलित प्रतिलिपि अधिकार ऐन, २०५९ बमोजिम प्रतिलिपि अधिकार संरक्षण प्राप्त “लेकाली है चोयाको डोको” बोलको अति नै लोकप्रिय गीत म निवेदकले आफ्नै स्वरमा रेकर्ड गराई सो को भिजुलाइज् समेत गरी प्रकाशनको तयारी समेत गरिरहेको छु । यसै बीच प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ७ र ८ बमोजिम रचनाको आर्थिक तथा नैतिक अधिकार निवेदकमा सन्निहित रहेको उक्त गीत विपक्षी ओपल इन्टरनेशनलका सन्चालक आनन्द तुलाधर, अनामनगर स्थित ब्लक नं. १०९९ मा कार्यालय रहेको म्युजिक नेष्टका सन्चालक सन्तोष सुवेदी र ऐ. का गायक अनिल सिंह आपसमा मिली म निवेदकको अनिवार्य पूर्व स्वीकृति बिना नै अनधिकृत रूपमा विपक्षी मध्येका अनिल सिंहको नाममा स्वरांकित गराई उक्त गीत समेत सम्मिलित Addiction (The Remix) नामक एल्बम तयार पारी प्रकाशन तथा बिक्री वितरण समेत गर्न लागेको थाहा पाई सो कार्य नगर्नु/नगराउनु हुन भनी पत्राचार गर्दा विपक्षीहरूले घिङ्न्याइँ गरी आउनु भएको र म निवेदकको नितान्त मौलिक संकलन, संगीत तथा प्रस्तुति र निर्विवाद रूपमा आर्थिक तथा नैतिक अधिकार सन्निहित रहेको उक्त गीत मेरो कुनै पनि सहमति एवं मञ्जुरी नलिइकन विपक्षीहरूले गैर कानूनी रूपले स्वरांकन गरी बङ्ग्याई विकृत रूपमा प्रस्तुत गरी विज्ञापन, प्रकाशन तथा बजारमा बिक्री वितरण गर्ने तयारी समेत गरेकोले प्रतिलिपि अधिकार ऐन विपरीत हुन जाने त्यस्ता कार्यहरू नगर्नु/नगराउनु भनी विपक्षीका नाममा निषेधाज्ञा आदेश जारी गरिपाऊँ भन्ने व्यहोराको निवेदक राम थापाको निवेदन दावी परेको । | निवेदकको माग दावी बमोजिम **पुनरावेदन अदालत पाटन**बाट निवेदनमा लेखिए अनुसार प्रकाशन, बिक्री वितरण एवं प्रसारण समेत तत्काल नगर्नु/नगराउनु भनी अन्तरिम आदेश दिइएकोमा **संयुक्त इजलासबाट मिति २०६२ श्रावण १९ गते भएको अन्तिम आदेशमा** विपक्षीहरूले “लेकाली है चोयाको डोको” बोलको गीतलाई Addiction (The Remix) नाम दिई क्यासेट सी.डी. बजारमा ल्याएको कुरालाई निजहरूले अदालतमा पेश गरेको लिखित जवाफमा स्वीकार गरेको तथा निजहरूको सो कार्य **प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३ विपरीत हुन जाने कुरा उल्लेख गर्दै ऐनको दफा २५ समेतले संरक्षित अधिकार प्राप्त गीत प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी अर्काको रचनाले आर्जित गरेको प्रतिष्ठाको फाइदा उठाउने नियतले अर्काको मौलिक रचनाको स्वरूप र भाषाको माध्यम परिवर्तन गरी आर्थिक लाभ उठाउने उद्देश्यले बिक्री वितरण तथा सार्वजनिक सञ्चार गर्न नपाईने कानूनी प्रावधान विपरीत उक्त एल्बम उत्पादन तथा बिक्री वितरण गर्ने कार्यले निवेदकको प्रतिलिपि अधिकार हनन हुन गएको ठहर गर्दै निवेदकको निवेदन माग बमोजिम निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको ।** | | |

| क.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| ३. | प्र.नि. युवराज पोखरेल समेतको जाहेरीले श्री ५ को सरकार विरुद्ध का.जि. का.म.न.पा वडा नं. २२ न्यूरोड पिपलबोट घर भई तुलजा ओभरसिजका प्रोपाइटर सुरेन्द्र मानन्धर । | का.जि. का.म.न.पा वडा नं. २ को न्युरोड स्थित तुलजा ओभरसिजका प्रोपाइटर सुरेन्द्र मानन्धरले प्रतिलिपि उतार इजाजत नलिई विभिन्न देशका हिन्दी, अंग्रेजी भाषाका चक्काहरू पाकिस्तानबाट आयात गरी बजारमा बिक्री वितरण गर्दछन् भन्ने सूचनाको आधारमा खोजतलास गर्दै जाँदा उक्त फर्मका प्रोपाइटर सुरेन्द्र मानन्धरले प्रतिलिपि उतार प्राप्त पाकिस्तानको Moon light company समेतले Universal Company USA र Music World India कम्पनीको नामका गीतका सी.डी. र डीभीडी चक्काहरूको प्रतिलिपि उतार गर्न लगाई गैरकानूनी तरिकाबाट आयात गरी बिक्री वितरण गर्ने उद्देश्यले त्रि.वि. भन्सार कार्यालयबाट आफ्नो कम्पनीमा लैजान लागेको अवस्थामा पक्री ल्याएकोले आवश्यक कानूनी कारवाही गरिपाऊँ भन्ने जाहेरी परेको र उक्त कार्य **प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५(१)(ङ) दफा २६ र २८ को कसुर अपराध हुने भएकोले सोही ऐनको दफा २८ अनुसार सजाय गरी बरामद हुन आएका सामानहरू जफत गरि पाऊँ भन्ने व्यहोराको अभियोग परेको ।** | **काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।२।४ मा** प्रतिवादीले अनधिकार सीडी आयात गर्दा को-कसलाई कति हानी नोक्सानी पुग्न गएको हो ? सो उल्लेख नभएको, क्षतिपूर्तितर्फको दावी समेत उल्लेख नभएको र प्रतिलिपि अधिकार-वालाको माग दावीसम्म नभएको अवस्थामा प्रतिवादीले **प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ (१) (ङ) र दफा २६ को कसुर गरेको भन्ने अभियोग दावी पुग्ने नपुग्नेतर्फ विचार गरिरहन पर्ने अवस्था नै नरहेको भन्दै अभियोग दावी खारेज हुने गरी फैसला भएको ।** | **पुनरावेदन अदालत पाटनबाट मिति २०६१।८।२५ मा** वादी श्री ५ को सरकारको तर्फबाट शुरु काठमाडौं जिल्ला अदालतको फैसला उपर परेको पुनरावेदन उपर गरिएको फैसलामा प्रतिलिपि अधिकार ऐन, २०५९ को सम्पूर्ण संरचनाको व्याख्या गर्दै उक्त ऐन कुनै खास व्यक्तिको वैयक्तिक प्रतिभाको उपज निज स्वयं वा निजले सुम्पिएको व्यक्ति बाहेक अरू कसैले उपयोग गर्न नसक्ने, कसैले त्यस्तो वैयक्तिक उपज गैर कानूनी रूपमा उपयोग गर्दछ भने त्यस्तो उपयोगकर्ता वा प्रयोगकर्तालाई सजाय गर्ने उद्देश्यबाट तर्जुमा भएको देखिन्छ । साथै उक्त ऐनले कुनै चीज वा वस्तुको रचनाकार वा सिर्जनाकारलाई त्यस्तो चिज वा वस्तुको प्रतिलिपि अधिकारवालाको परिभाषाभित्र पारेको उल्लेख गर्दै ऐनको दफा २८ र ३४ को अवस्था प्रस्तुत मुद्दामा नदेखिएको तथा प्रतिवादी सुरेन्द्र मानन्धरले पैठारी गरी बिक्री वितरण गरेको हिन्दी तथा अंग्रेजी गीतका सीडीहरूका मौलिक रचनाकार एवं सिर्जनाकार को हुन ? उनीहरूलाई उक्त सीडी पैठारीबाट के कति हानी नोक्सानी पुग्न | **६ महिना २१ दिन** |

| क.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| | | | | गएको हो ? सो वापत प्रतिवादीबाट भराउनु पर्ने क्षतिपूर्ति रकम समेत उल्लेख नभएको भन्दै **शुरु जिल्ला अदालतको फैसलालाई सदर गरेको ।** | |
| ४. | नेपालगंज न.पा वडा नं. ३ सुर्खेतरोडमा रहेको गृहस्थाश्रम केन्द्रका तर्फबाट अधिवक्ता कृष्णलाल भट्टराई विरुद्ध संयुक्त अधिराज्य बेलायत घर भई नेपाल स्थित Appropriate Technology of Asia, Jawalakhel Lalitpur नामक संस्थाको लागि आवासीय प्रतिनिधि Christopher Evan समेत । | निवेदक खम्बप्रसाद पुनले शिक्षा तथा खेलकुद मन्त्रालय रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्रिय पुस्तकालयमा गृहस्थाश्रम केन्द्रको नामबाट सामाजिक संस्थाको रूपमा स्थापित संस्थामा कार्यरत पदाधिकारी एवं स्वयंसेवकबाट किसानहरूको माझमा अभ्यास विधिद्वारा अनुसन्धान गरी किसानहरूको फोटो समेत संकलन गरी संस्थाको नामबाट प्रकाशन गर्ने निर्णय गरी प्रकाशोन्मुख अवस्थामा रहेको “किसानको हाते किताब” नामक पुस्तक विपक्षीबाट प्रतिलिपि अधिकारको उल्लंघन गर्दै उल्लेखित प्रकाशोन्मुख पुस्तक प्रकाशन गरेको हुँदा अनधिकृत रूपमा प्रकाशित सो रचना अवैध घोषित गरी बिक्री वितरण तथा पुनः प्रकाशन समेत रोक्का गरी प्रतिलिपि अधिकार दर्ता गरी पाऊँ भनी **मिति २०५८।११।८ मा निवेदन दिएको ।** | **मिति २०६०।३।५ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिलिपि अधिकार रजिष्ट्रारबाट** रजिष्ट्रारलाई प्रतिलिपि अधिकारको हक बेहक छुट्याउने अधिकार नभएको र सो सम्बन्धी क्षेत्राधिकार जिल्ला अदालतलाई कानूनले प्रदान गरेकोले प्रस्तुत उजुरी क्षेत्राधिकारको अभावमा खारेज हुने ठहर्छ भन्ने समेत व्यहोराको आदेश भएको । | प्रतिलिपि अधिकार रजिष्ट्रारको आदेश उपर निवेदकको पुनरावेदन परेकोमा **पुनरावेदन अदालत पाटनबाट मिति २०६२।५।१३ मा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३५ (१) मा मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ भन्ने कानूनी व्यवस्था रहेकोले जिल्ला अदालतलाई प्राप्त भएको अधिकार**लाई रजिष्ट्रारले प्रयोग गर्न नमिल्ने हुँदा श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय प्रतिलिपि अधिकार रजिष्ट्रारले मिति २०६०।३।५ मा गरेको खारेजी फैसला मिलेकै देखिंदा उक्त फैसला सदर हुने ठहर्छ भनी फैसला भएको । | **२ वर्ष २ महिना ८ दिन** |

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| ५. | मिहिरकुमार ठाकुरको जाहेरीले श्री ५ को सरकार विरुद्ध का.जि.का.म.न.पा. वडा नं. ३ बस्ने भेषजंग बादल । | नेपाली संविधान र राजनीति निर्णायक घटना र मोड पुस्तकको रचयिता तथा प्रतिलिपि अधिकार धनी म उजुरवाला भएको र सो रचना अंग्रेजीमा अनुवाद गर्ने भेषजंग बादललाई मैले कुनै व्यहोराले हस्तान्तरण नगरेको हुँदा मेरो नेपाली रचनाको आपत्तिजनक नाम अंग्रेजीमा **The King Versus The People** राखी अंग्रेजीमा कतै शुद्ध कतै अशुद्ध भावनानुवाद गरी आर्थिक लाभ उठाउने उद्देश्य लिई बेचबिखन समेत गरेकाले प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २७(१) बमोजिम हदैसम्मको सजाय गरी पाऊँ भन्ने व्यहोराको मिहिरकुमार ठाकुरको जाहेरी दरखास्त परेको । यसमा जाहेरवालाले रचना गरेको नेपाली संविधान र राजनीति निर्णायक घटना र मोड नामक नेपाली पुस्तक मिति २०५२।३।८ मा जाहेरवालाको नाममा दर्ता भई बजारमा बिक्री वितरण समेत भैरहेको अवस्थामा सोही नेपाली किताबलाई प्रतिवादी भेषजंग बादलले हु-बहु अंग्रेजीमा अनुवाद गरी पुस्तकको नाम The King Versus The People राखी पुस्तकको मोल प्रतिगोटा २७ अमेरिकी डलर राखी बजारमा १००० प्रति बिक्री वितरण गरी २७००० अमेरिकी डलर बराबरको नोक्सान पारी प्रतिवादीले प्रतिलिपि अधिकारधनीबाट कुनै अधिकार नलिई उक्त कार्य गरेको देखिन आएकोले प्रतिवादी भेषजंग बादलको उक्त कार्य प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ १ (क) (ग) को कसुर अपराध भएको पुष्टि हुँदा प्रतिवादी भेषजंग बादल उपर ऐ. ऐनको दफा २७(१) बमोजिम सजाय हुन र प्रतिवादीबाट जाहेरवालालाई क्षति भएको २७ हजार अमेरिकी डलर ( रू. एक्काईसलाख छ सय) ऐ. ऐनको दफा २७(२) बमोजिम दिलाइ भराई पाऊँ भन्ने व्यहोराको अभियोग दावी लिइएको । | अनुसन्धानको क्रममा प्रतिवादी फरार रहेको, सोही अवस्थामा समेत प्रतिवादी भेषजंग बादलले सत्य व्यहोरा अनुसन्धानको समयमा स्थापित गराउन नसकेको, यस अदालतबाट जारी भएको म्याद समेत प्रतिवादीले गुजारी बसेको र पेश भएका प्रमाणहरूबाट समेत यी प्रतिवादीले लेखेको The King Versus The People भन्ने पुस्तक नै अघि प्रकाशन गरेको भन्ने नदेखिई जाहेरवालाले लेखेको नेपाली संविधान र राजनीतिक निर्णायक घटना र मोड भन्ने पुस्तक नै अघि प्रकाशन गरेको भन्ने देखिन आएकाले यी प्रतिवादी भेषजंग बादलले अभियोग पत्रमा उल्लेख भए बमोजिमको कसुर गरेको देखिन आयो । अतः यी प्रतिवादीले जाहेरवालाको अनुमति प्राप्त नगरी जाहेरवालाले लेखेको नेपाली संविधान र राजनीतिक निर्णायक घटना र मोडको नक्कल समेत गरी अंग्रेजीमा अनुवाद गरी यति प्रति छपाएको भन्ने समेत सो पुस्तकमा उल्लेख नगरी आफ्नो नाममा पुस्तक प्रकाशन गरी **प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ को ( १) (क) (ग) को कसुर गरेको देखिएकाले यी प्रतिवादीलाई सोही ऐनको दफा २७ ( २) बमोजिम रू. ५०,००० (पचासहजार) जरिवाना हुने** र दावीको The King Versus The People भन्ने पुस्तकको मूल्य २७ यू.एस.डलर भन्ने र Revised Price Nrs. 200 भन्ने देखिएकाले | यी निवेदक जाहेरवाला भई वादी नेपाल सरकार प्रतिवादी भेषजङ्ग बादल भएको प्रतिलिपि अधिकार मुद्दामा वादी प्रतिवादी कसैको पनि पुनरावेदन नपरेको तथा उक्त फैसला अन्तिम भएपछि फैसला कार्यान्वयन सम्बन्धी कारवाही चलिरहेको अवस्थामा प्रतिवादीले ०६०।९।८ मा म्याद तामेली सम्बन्धी कार्य बेरीतको भयो भनी पुनरावेदन अदालत पाटनमा अ.ब.१७ नं. को निवेदन दिएकोमा सो अदालतबाट मिति २०६०।९।८ को म्याद रितपूर्वकको भन्न नमिल्ने हुँदा अ.ब. २०८ नं. बमोजिम बदर भएको । सो अदालतको मिति २०६३।१।२२ को आदेश उपर सम्मानित श्री सर्बोच्च अदालतमा निवेदक मिहिरकुमार ठाकुरको रीट निवेदन परी पुनरावेदन अदालत पाटनको आदेश अनुसार भए गरेको काम कारवाही मिलेको नदेखिंदा उत्प्रेषणको आदेशद्वारा बदर हुने गरी मिति २०६६।७।११ मा सम्मानित सर्वोच्च अदालतबाट फैसला भएको । साथै काठमाडौं जिल्ला अदालतबाट प्रतिलिपि अधिकार मुद्दामा मिति २०६१।१२।२४ मा भएको फैसला कार्यान्वयन गर्ने तर्फ चल्दै गरेको | ६ वर्ष १ महिना २३ दिन |

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| | | | नेपालको परिप्रेक्ष्यमा सो नेपाली रूपैयाँको मूल्यमा नै धेरै कपीहरू बिक्री भएको मान्नु पर्ने र केही कपीहरू अमेरिकी डलर अनुसार पनि बिक्री हुने अवस्था देखिनुका साथै यति कपी प्रकाशन भएको भन्ने समेत सो पुस्तकबाट नदेखिएको तथा १००० कपी प्रकाशन भएन भन्न मिल्ने अवस्था समेत नदेखिएकाले नेपाली मूल्य र अमेरिकी डलरमा समेत उल्लेख भएको मूल्य समेतका आधारबाट प्रतिवादीको सो कार्यबाट रू. ७,००,०००।- (सात लाख) सम्मको जाहेरवालालाई क्षति पुगेको भन्ने मनासिब देखिंदा **प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २७ (२) बमोजिम रू. ७,००,०००।- (सात लाख) प्रतिवादीबाट जाहेरवालाले क्षतिपूर्ति बापत भराई लिन पाउने ठहर्छ भन्ने व्यहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।१२।२४ मा फैसला भएको ।** | विगो भराई पाउने सम्बन्धी मुद्दा नं. ३५३ को कारवाही अगाडि बढाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी भएको । | |
| ६. | नेपाल संगीत उद्योग संघको जाहेरीले नेपाल सरकार<br>विरूद्ध<br>चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १ बस्ने शुशिल कुमार श्रेष्ठ...............१<br>ऐ.ऐ. वडा नं. ८ बस्ने विनोद अधिकारी..१ ऐ. जिल्ला भरतपुर न.पा. वडा नं. ३ बस्ने | शुशिल कुमार श्रेष्ठ समेतले नेपाली गीत संगीतको श्रव्यदृश्य सामग्रीहरू अनधिकृत रूपमा डबिङ्ग उत्पादन गरी बजारमा विक्री वितरण गरेको पाइएको हुँदा प्रतिलिपि अधिकार ऐन, २०५९ बमोजिम आवश्यक कानूनी कारवाही गरी क्षतिपूर्ति समेत दिलाइ भराइ पाऊँ भन्ने व्यहोराको नेपाल संगीत उद्योग संघको जाहेरी दरखास्त परेको । बरामदी मुचुल्कामा उल्लेख भएका सि.डि./भि.सि.डि. चक्काहरू हेर्दा नक्कली देखिएको भनी न्यू डायमण्ड अडियो भिडियो सेन्टरबाट प्रमाणित गरिदिएको देखिन्छ । मुद्दाको अनुसन्धान गर्ने अधिकारी समक्ष अभियुक्तहरूले आफूलाई उक्त गीति चक्काहरू नक्कली भएको थाहा नभएको र डबिङ्ग गरी | चितवन जिल्ला अदालतबाट मिति २०६३।११।१६ मा उल्लेखित मुद्दाको फैसला भएको । पुरक जाहेरीमा क्षतिपूर्तिको रकम झण्डै ९९,००,०००।- भएपनि जाहेरवालाका तर्फबाट वास्तविक रूपमा क्षति भएको भन्ने प्रमाण पेश गर्न नसकी क्षतिपूर्तिको यथार्थ मापदण्ड यकिन हुन नसकेको, प्रतिवादीहरूको कसुर पुष्टि हुने स्वतन्त्र प्रमाणको अभाव रहेको, वादी पक्षले प्रतिवादीको कसुर प्रमाणित गर्न नसकेको समेतका आधारबाट प्रतिवादीहरूलाई प्रतिलिपि अधिकार | वादी पुग्न नसक्ने ठहऱ्याई शुरु चितवन जिल्ला अदालतबाट मिति २०६३।११।१६ मा भएको फैसला नमिलेकोले केही उल्टी भई प्रत्यर्थी प्रतिवादीलाई प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५(२) को कसुरमा ऐ. ऐनको दफा २(ख) रू. १० हजार जरिवाना हुने ठहर्छ । क्षतिपूर्तिको हकमा स्पष्ट आधार र कारण नखुलाई हचुवाको भरमा मात्र दावी गरेकोले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन | २ वर्ष ४ महिना ३ दिन |

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| | शम्भुराज हलुवाई....................१<br>* प्रतिवादीहरू विरूद्ध छुट्टा/छुट्टै अभियोग पत्र अदालतमा दायर भएपनि मुद्दाको प्रकृति र विषयवस्तु, एउटै भएकोले सारांशमा मुद्दा र फैसलाको तथ्य मात्र उल्लेख गरिएको | बेचेको भन्ने कुरामा इन्कारी बयान दिएको भए तापनि बरामद भएका सांगीतिक सि.डि./भि.सि.डि.हरू समेत नक्कली रहेको, जाहेरवालाले क्षतिको बिगो भराइपाऊँ भन्ने पुरक जाहेरी दिएको, वस्तुस्थिति मुचुल्काका मानिसहरूले गरिदिएको कागजसमेतबाट प्रतिवादीहरूले प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५(१) (क) र २५(२) को कसूर अपराध गरेको देखिंदा निजहरूलाई सोही ऐनको दफा २७(१) बमोजिम सजाय गरी बरामदी सामग्रीहरू जफत गरी जाहेरवालालाई दफा २७(२) बमोजिम पुरक जाहेरीमा उल्लेखित क्षतिपूर्ति रकम समेत दिलाइ भराइ पाऊँ भन्ने व्यहोराको वादीपक्षको अभियोग पत्र माग दावी रहेको । | उल्लंघन गरेको ठहर गर्न नमिल्ने हुँदा वादीदावी खारेज हुने ठहर भएको । | जिकिर पुग्न नसक्ने भनी श्री पुनरावेदन अदालत हेटौडाबाट मिति २०६६।३।१९ मा फैसला भएको । | |
| ७. | नेपाल संगीत उद्यमी संघको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>का.म.न.पा.-२९ सामाखुसी बस्ने दिनेश श्रेष्ठ<br>मुद्दाः प्रतिलिपि अधिकार | मिति २०६१।९।१३ गते काठमाडौं जिल्लाको विभिन्न स्थानमा प्रतिलिपि नेपाली फिल्मका सीडी, भीसीडी, एमपीथ्री बनाई कपि गरी बिक्री वितरण गरेकोले पक्राउ गरी कारवाही गरी पाऊँ भन्ने नेपाल संगीत उद्योग संघको निवेदन । | प्रतिवादी दिनेश श्रेष्ठले प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ (क) विपरित कार्य गरेकोले सोही ऐनको दफा २७(१) अनुसार रू. १० हजार जरिवाना गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।१२।४ मा फैसला भएको । | काठमाडौं जिल्ला अदालतको मिति २०६१।१२।४ को फैसला उपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी शुरुको फैसला सदर हुने गरी २०६२।३।३१ मा पुनरावेदन अदालत पाटनबाट फैसला भएको । | १ वर्ष ४ महिना २७ दिन |
| ८. | का.जि.का.म.न.पा.-२७ केलटोल बस्ने विकास श्रेष्ठ समेत २<br>विरुद्ध<br>नेपाल चलचित्र संघको जाहेरीले नेपाल सरकार<br>मुद्दाः- अनधिकृत रूपमा भीसीडी बिक्री वितरण सम्बन्धी । | भारतीय चलचित्र निर्माता यज्ञराज फिल्मस प्रा.लि. मुम्वईले निर्माण गरेको हिन्दी चलचित्र “मुझसे दोस्ती करोगे” नामक हिन्दी चलचित्रको नेपालमा वितरण तथा प्रदर्शनको अधिकार दाउन्ने फिल्मस डिष्ट्रिव्युटर्स बनेपाले खरीद गरेको, उक्त चलचित्रको वितरण तथा प्रदर्शनको अधिकार यस संघमा दर्ता भएको तर उक्त चलचित्रको भीसीडी एवं एचएस चक्काहरू बजारमा अनधिकृत रूपमा निर्माण तथा प्रदर्शन भएकोले प्रतिलिपि अधिकार ऐन समेतबाट कारवाही गरी पाऊँ भन्ने व्यहोराको २०५९।५।१० गतेको नेपाल चलचित्र संघको पत्र । | प्रतिवादीहरूबाट बरामद भएको अवैध भीसीडीको संख्या समेतलाई मध्यनजर राखी प्र. विकास श्रेष्ठलाई रू. २५ हजार र प्र. श्रीराम मानन्धरलाई रू. २० हजार पहिलो पटक जरिवाना हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६०।५।२९ मा फैसला भएको । | काठमाडौं जिल्ला अदालतको मिति २०६०।५।२९ को फैसला मिलेकै देखिंदा सदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०६३।३।३२ मा फैसला भएको । | २ वर्ष १० महिना ३ दिन |

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| ९. | नेपाल चलचित्र संघको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>का.जि.का.म.न.पा.-२५ मखनटोल बस्ने मनोज सिलाकार ।<br>मुद्दाः-प्रतिलिपि अधिकार | काठमाडौंका केही भिडियो पसलहरूले चलचित्र "कयामत"को अनधिकृत रूपले प्रतिलिपि बनाई वितरणको अधिकार नपाएको शाही फिल्मस डिष्ट्रिव्युटर्सलाई ठूलो घाटा बनाएकोले कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको नेपाल चलचित्र संघको पत्र । | यि प्रतिवादीले प्रतिलिपि उत्पादन गरेको नभै अरूबाट लिई सार्वजनिक सञ्चार हुने गरी बिक्रीसम्म गरेको पुष्टि हुन आएकोले निजलाई रू. १० हजार जरिवाना र सीडी बरामद हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६०।८।१५ मा फैसला भएको । | पुनरावेदन नपरेको । | ८ महिना १५ दिन |
| १०. | भिडियो क्यासेट व्यवसायिक संघ एवं प्रेमकुमार लामिछानेको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>का.जि.का.म.न.पा.-१५ बस्ने श्यामकुमार मानन्धर<br>मुद्दाः प्रतिलिपि अधिकार उल्लंघन | अनधिकृत रूपमा तयार भएका भीसीडी बिक्री वितरण गरेको । | प्रतिवादी श्यामकुमार मानन्धरले आफ्नो पसलमा भीसीडी राखी कारोवार गरी प्रतिलिपि अधिकार उललंघन गरेकोले रू. १५ हजार जरिवाना हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६०।३।१९ मा फैसला भएको । | पुनरावेदन नपरेको । | १ वर्ष ३ महिना १९ दिन |
| ११. | गोपाल कायस्थको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>भारत राजस्थान स्टेटराम नगर गाउँ घर भै हाल का.जि.का.म.न.पा.-३० मा डेरा गरी बस्ने गोपाल अग्रवाल समेत -२<br>मुद्दाः- प्रतिलिपि अधिकार ऐन अनुसारको कसूरको अपराध । | मैले धनलक्ष्मी फिल्मका सञ्चालक श्याम खेतानबाट वाग्मति अञ्चलभरी सञ्चालन गर्न हिन्दी चलचित्र "अन्दाज" खरदि गरी प्रदर्शन गर्दै गरेकोमा उक्त फिल्मका सीडी बजारमा बिक्री वितरण हुन थाली मेरो कारोबारमा नोक्सान हुन गएकोले उक्त फिल्म प्रदर्शन गर्ने अधिकार ममा मात्र सीमित रहेकोमा विजय अग्रवालले र गोपाल अग्रवालले फिल्मको अधिकार प्राप्त व्यक्तिको मञ्जुरी विना सीडी निकाली बिक्री वितरण गरेकोले प्रतिलिपि अधिकार ऐन अनुसार कारवाही गरी पाऊँ भन्ने व्यहोराको गोपाल कायस्थको जाहेरी । | शंकाको भरमा मात्र प्रतिवादीहरूलाई कसूरदार ठहऱ्याउन कानून सम्मत नभएकोले प्रतिवादीहरूले सफाई पाउने गरी मिति २०६०।५।३० मा काठमाडौं जिल्ला अदालतबाट फैसला भएको । | काठमाडौं जिल्ला अदालतको मिति २०६०।५।३० को फैसला मिलेकै देखिंदा सदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०६१।२।२२ मा फैसला भएको । | ६ महिना २२ दिन |

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| १२. | भ.जि.म.न.पा.-५ भालाछें बस्ने बालगोपाल फैजु<br>विरुद्ध<br>भिडियो क्यासेट व्यवसायी संघको जाहेरीले नेपाल सरकार<br>मुद्दाः- चलचित्र सीडी तथा भिडियो चक्काहरू कपि (नक्कल) गरेको । | उक्त ठेगानामा बस्ने बालगोपाल फैजुले भ.न.पा. सुकुलढोकास्थित टाइम भिडियो नामक पसल गरी नेपाली कथानक चलचित्रहरूको भिडियो सीडी तथा भिडियो चक्काहरू गैरकानूनी रूपले कपि गरी बिक्री वितरण तथा भाडामा दिने कार्य गरी निर्माता तथा भिडियो कम्पनीलाई ठूलो आर्थिक रूपले नोक्सानी पुऱ्याउने कार्य गरेको हुँदा निजलाई कडाभन्दा कडा कारवाही गरी पाऊँ भन्ने व्यहोराको भिडियो व्यवसायी संघको जाहेरी । | अभियोग दावी बमोजिम प्रतिवादीलाई रू. १० हजार जरिवाना हुने ठहऱ्याई भक्तपुर जिल्ला अदालतबाट मिति २०६१।१०।१८ मा फैसला भएको । | शुरु भक्तपुर जिल्ला अदालतको फैसला मिलेकै देखिदा सदर हुने ठहरी मिति २०६३।२।१ मा पुनरावेदन अदालत पाटनबाट फैसला भएको | करीव १ वर्ष ३ महिना |
| १३. | राजेन्द्र मानन्धरको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>का.जि.का.म.न.पा. वडा नं. १४ स्थित अनौपचारिक सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुबोध प्याकुरेल समेत<br><br>मुद्दाः- प्रतिलिपि अधिकार चोरी । | मिति २०६३।१।१ गते जनआन्दोलनको समयमा कर्फ्यु लागेको बेला प्रहरीद्वारा प्रदर्शनकारी माथि पेस्तोल ताकेको र सँगै पृष्ठभूमिमा दुईजना पत्रकार र एकजना प्रहरीको आधा शरीर देखिएको तस्विर मैले खिचेको हुँ । उक्त फोटोमा मैले आफ्नो नाम उल्लेख गरी राष्ट्रिय दैनिक राजधानीमा मिति २०६३।१।१८ मा छपाउने कार्य गरेको र अभियुक्त मध्येका कामना प्रकाशन प्रा.लि.लाई उपलब्ध गराई मिति२०६३।१।१४ मा छपाउने र उक्त फोटो सहितको पोष्टर इन्सेकले विभिन्न ठाउँमा टासेको तथा विदेशमा प्रचार प्रसार गरेको पाइएकोले मेरो स्वीकृति नलिई आफ्नो संस्थाको नाम राखी प्रतिलिपि अधिकार उल्लंघन गरेकोले हदैसम्म सजाय गरी पाऊँ भन्ने व्यहोराको राजेन्द्र मानन्धरको जाहेरी | जाहेरवाला राजेन्द्र मानन्धरले खिचेको जनआन्दोलनको फोटोहरू यी प्रतिवादीहरूले पत्रपत्रिकामा प्रकाशित गर्नु प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ४ बमोजिम Fair Use Principle अन्तर्गत पर्ने हुँदा प्रतिलिपि अधिकार ऐन अन्तर्गत चोरी गरेको भन्न नमिल्ने हुँदा यी प्रतिवादीहरूले अभियोग माग दावीबाट सफाई पाउने ठहर्छ भन्ने समेत व्यहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।१२।६ मा फैसला भएको | शुरु काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।४।३१ मा फैसला भएको । | करीव २ वर्ष ६ महिना |
| १४. | काजि.डिल्लीबजार बस्ने बैकुण्ठबहादुर श्रेष्ठको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>सल्यान जिल्ला सल्यानीखाल गा.वि.स.-२, घर भै हाल का.जि. कोटेश्वर बस्ने टेक बहादुर डांगी समेत | बैकुण्ठबहादुर श्रेष्ठको नाममा प्रतिलिपि अधिकार सुरक्षित भई सम्बन्धित निकायबाट फोटोजन्य रचनाको दर्ता प्रमाणपत्र भएको फोटो रचनाहरू नेपाल पर्यटन बोर्डका कार्यकारी अध्यक्ष टेकबहादुर डांगी र जनसम्पर्क तथा प्रचार अधिकृत आदित्य बराललाई मैल Glimpses of Nepal (Fame in Nepal) को २५ वटा फोटोजन्य सामग्री Annapurna Range को फोटोजन्य सामाग्री थान ३ गरी जम्मा २८ थान फोटोजन्य रचना प्रचार प्रसारको लागि बेचेको हो । आफ्नो लोगो फोटोमा राखी प्रचार | जाहेरवाला बैकुण्ठबहादुर श्रेष्ठले टेकबहादुर डांगीबाट ३० हजार क्षतिपूर्ति वापत भराई पाउने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।९।९ मा फैसला भएको । | काठमाडौं जिल्ला अदालतको मिति २०६६।९।९ को फैसला उपर पुनरावेदन अदालत पाटनमा मिति २०६७।३।९ मापुनरावेदन परी पुनरावेदन फैसला हुन बांकी | ६ महिना |

| क.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| | मुद्दाः- प्रतिलिपि अधिकार उल्लंघन । | प्रसार गर्ने अधिकार दिएको छैन । निजहरूको कार्यबाट मलाई प्रत्यक्ष रूपमा पुगेको नोक्सानी रू. ५० लाख प्रतिलिपि अधिकार ऐन बमोजिम क्षतिपूर्ति दिलाई त्यस्ता फोटोजन्य रचना जफत गरी हदैसम्म कानूनी कारवाही गरी पाऊँ भन्ने व्यहोराको बैकुण्ठबहादुर श्रेष्ठको जाहेरी। | | | |
| १५. | का.जि.का.म.न.पा.-७ स्थित पाइरेसी नियन्त्रण अनुगमन समितिका संयोजक शिवजी लामिछाने समेतको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>सिन्धुपाल्चोक जिल्ला जलविरे गा.वि.स.-४ घर भै का.जि.का.म.न.पा. कालधारा बस्ने राजकुमार श्रेष्ठ समेत जना-२<br>मुद्दाः- प्रतिलिपि अधिकार चोरी । | का.जि.का.म.न.पा.-१८ रक्तकालीस्थित लशकुस भ्यू प्वाइन्ट नामक सीडी, भीसीडी पसल सञ्चालन गरी बस्ने राजेश शाहीले विगत एक वर्षदेखि कम्प्युटरमा अश्लिल चलचित्र एमपी थ्री लगायतका साँगीतिक रचना डाउनलोड गरी प्राप्त गरेर कम्प्युटरमा राखी ग्राहकहरूको अर्डर प्राप्त गरी गैरकानूनी रूपमा साँगीतिक रचनाको कारोवार गर्दै आएको र अर्को प्रतिवादी पकनाजोलस्थित पिस अडियो भिडियो एण्ड डीभीडी पसलका सञ्चालक राजकुमार श्रेष्ठले आफ्नो पसलमा डविङ मेसिन राखी विभिन्न अडियो चक्काहरू डविङ गरी बिक्री वितरण गर्ने कार्य गर्दै आएकोले निजहरू उपर प्रतिलिपि अधिकार ऐन अन्तर्गतको कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको पाइरेसी अनुगमन समितिका संयोजक शिवजी लामिछाने समेतको जाहेरी | प्रतिवादी राजकुमार श्रेष्ठ समेतलाई जनही रू. १० हजार जरिवाना हुने र बरामत भएका सामान जफत हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०।१२ मा फैसला भएको । | काठमाडौं जिल्ला अदालतको मिति २०६५।१०।१२ को फैसला उपर पुनरावेदन अदालत पाटनमा मिति २०६६।४।२ मा पुनरावेदन परी पुनरावेदन फैसला हुने बांकी | ५ महिना २० दिन |
| १६. | का.जि.का.म.न.पा.-१ नागपोखरी बस्ने गैरीशकृष्ण खरेलको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>का.जि.सेतीदेवी गा.वि.स.-७ फर्पिङ बासघारी घर भई का.जि.का.म.न.पा. भेडासिङ्गस्थित रामकुमार अग्रवालले सञ्चालन | Garnier Brand का कस्मेटिक रचनाको नक्कल गरी वस्तु आयात गरी बिक्री वितरण गरेको हुँदा का.जि.भेडासिंगस्थित पवन अग्रवालले सञ्चालन गरेको विन्दावासिनी इम्पेक्स समेतलाई कारवाही गरी पाऊँ भन्ने व्यहोराको गैरीशकृष्ण खरेलको जाहेरी । | प्रतिवादीहरू भोला भुसाल र रामकुमार अग्रवाललाई जनही रू. ११ हजार जरिवाना र कम्पनीले भोला भुसाल र रामकुमार अग्रवालबाट रू. २५ हजार क्षतिपूर्ति भराई पाउने ठहरी मिति २०६६।४।१८ मा काठमाडौं जिल्ला अदालतबाट फैसला भएको । | काठमाडौं जिल्ला अदालतको मिति २०६६।४।१८ को फैसला उपर पुनरावेदन अदालत पाटनमा २०६७।५।२८ मा पुनरावेदन परी पुनरावेदनबाट फैसला हुन बांकी । | १ वर्ष १ महिना १० दिन |

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| | गरेको विन्दवासिनी इम्पेक्समा म्यानेजर पदमा काम गर्ने भोला भुषाल समेत । | | | | |
| १७. | सुभाष पोखरेलको जाहेरीले नेपाल सरकार विरुद्ध जि.झापा धरमपुर गा.वि.स.-७ घर भै का.जि.का.म.न.पा.-३२ घट्टेकुलो बस्ने नेत्रप्रसाद पोखरेल समेत । मुद्दाः- प्रतिलिपि अधिकार | ख्याती प्राप्त लेखक शिवखेडाद्वारा लिखित You Can Win नामक पुस्तक म्याकमिलन इण्डिया लि.द्वारा प्रकाशित र सर्वाधिकार निहित प्रकाशन विरुद्ध नेत्रप्रसाद पोखरेल समेतका व्यक्तिहरूले अनधिकृत रूपमा प्रकाशन, बिक्री वितरण अनुवाद गरी म्याकमिलन इण्डिया लि.सँग निहित रहेको प्रतिलिपि अधिकार तथा आर्थिक अधिकार खुलेआम उल्लंघन गरेको कारण म्याकमिलन इण्डिया लि. तथा शिवखेडालाई पुग्न गएको आर्थिक क्षति नोक्सानी वापतको रकम रू. २० लाख निज अभियुक्तहरूबाट दिलाई भराई प्रतिलिपि अधिकार ऐन अनुसार कारवाही गरी पाऊँ भन्ने व्यहोराको सुभाष पोखरेलको जाहेरी । | प्रतिवादी नेत्रप्रसाद पोखरेललाई रू. १० हजार, प्र. नारायणप्रसाद भाषाललाई रू. २० हजार प्रतिवादी भगवती रिसाल र विष्णु सिलवाललाई ३० हजार जनही जरिवाना हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।८।११ मा फैसला भएको । | पुनरावेदन नपरेको । | |
| १८. | संजय प्रसाद कलवारको जाहेरीले नेपाल सरकार विरुद्ध जि.काठमाडौं का.म.न.पा.-१८९ घर भई का.जि. बालाजु बस्ने शरद श्रेष्ठ समेत जना-२ मुद्दाः- प्रतिलिपि अधिकार उल्लंघन । | उक्त ठेगानामा बस्ने अभियुक्त शरद श्रेष्ठ र मनिष श्रेष्ठले धेरै पहिलादेखि नेपाली गीत संगीतका अडियो सीडी तथा भीसीडी लगायतका विभिन्न सामाग्रीहरूको अनधिकृत रूपबाट प्रतिलिपि अधिकार विरुद्ध हुने गरी प्रतिलिपिहरू उत्पादन तथा बिक्री वितरण गर्दै आएको जानकारीका आधारमा निजहरूको निगरानी गरिदै आएकोमा प्र. शरद श्रेष्ठको साथबाट द ल्याण्ड अफ ब्लेस, इनर पिस, म्युजिक याज मेडिसिन लगायतका नक्कली सीडीहरू बरामद भएको हुँदा निजहरू उपर कानून बमोजिम कारवाही र सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको संजय प्रसाद कलवारको जाहेरी । | यसमा सम्बन्धित प्रतिलिपि अधिकार धनीले यो यस तवरले यति नोक्सानी भएकोले क्षतिपूर्ति भराई पाऊँ भनी जाहेरी एवं निवेदन परेको नदेखिंदा प्रतिवादी मनिष श्रेष्ठ र शरद श्रेष्ठलाई रू. १० हजार जरिवाना हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०२१ मा फैसला भएको । | पुनरावेदन नपरेको । | |

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| १९. | सञ्चालक मोहन बस्नेतको जाहेरीले नेपाल सरकार <br> विरुद्ध <br> जि. मोरङ, उर्लावारी गा.वि.स.-१ घर भै जिज्ञासु पत्रिकाको संस्थापक अध्यक्ष मनोज थापा समेत जना-१३ | जि.मोरङ, उर्लावारी गा.वि.स.-६ स्थित मंगलबारेमा रहेको जिज्ञासु पब्लिकेशनका मनोज थापा, ठुलेश्वर थापा, कृष्ण भुसाल, खिना गुरागाई, युवराज अधिकारी, यसोदा राउत समेत १३ जना व्यक्तिहरूले लेखक रत्न बस्नेत र प्रकाशचन्द्र शर्माले लेखेको गणितीय चमत्कार वैज्ञानिक आविष्कारका कथा, विज्ञानका अद्भूत लेख, गणित एक समस्या अनेक, विज्ञानले के भन्छ भन्ने पुस्तकहरूबाट जिज्ञासु पब्लिकेशनबाट प्रकाशन हुने जिज्ञासु पत्रिका र किन भन्ने पुस्तकमा हु-वहु प्रतिलिपि गरी बजारमा बिक्री वितरण गरी यस कम्पनीबाट रू. १,८८,९५,५००।- बराबरको हानी नोक्सानी गरेको हुँदा निजहरूलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाऊँ भन्ने जाहेरी दरखास्त । | यसमा प्रतिलिपि अधिकार ऐन, २०५९ विपरितको कसूर गरेको तथ्य जिज्ञासु किन भन्ने पत्रिकाबाट देखिंदा प्रतिवादीहरूलाई जनही रू. २५ हजार जरिवाना र प्रतिवादीहरूबाट जाहेरवालाई रू. २ लाख क्षतिपूर्ति समेत भराई दिने ठहरी मोरङ जिल्ला अदालतबाट मिति २०६६।९।२४ मा फैसला भएको । | प्रतिवादीहरूलाई जनही रू. २५ हजार जरिवाना र जाहेरवालालाई रू. २ लाख क्षतिपूर्ति भराई दिने गरी मोरङ जिल्ला अदालतबाट मिति २०६६।९।२४ को फैसला उपर पुनरावेदन परी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६७।९।१८ मा फैसला भएको । | ११ महिना २४ दिन |
| २०. | दिलिप कुमार के.सी.को जाहेरीले वादी नेपाल सरकार <br> विरुद्ध <br> जि.सुर्खेत वीरेन्द्रनगर न.पा.-१८ बस्ने कुलमान नेपाली समेत जना-३ <br> मुद्दाः- प्रतिलिपि अधिकार दुरुपयोग । | म जाहेरवालाको भाइ टेकबहादुर के.सी.ले कस्तुरीको विना बोल गरेको गीत संकलन गरी २०५५।११।२२ गते रेडियो नेपाल क्षेत्रीय प्रसारण सुर्खेतमा रेकर्ड गराई सोही रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्रबाट पटक पटक प्रसारण समेत भई रेकर्ड गरेको सो गीत चलचित्र महोत्सव २०६२ सालको उपलक्ष्यमा ने.ग.न.पा.-२ स्थित बागेश्वरी चलचित्र मन्दिरमा राधाकृष्ण फिल्म प्रोडक्सन प्रा.लि.द्वारा निर्मित बन्धकी नामको फिल्ममा उक्त गीतको सि.नं. ३ को “के पायौ जालैमा” बाहेक अन्य गीत कुलमान नेपालीले संकलन गरेको भनी संगीता राना मगर र थुकदेन भाटीयाले गीत गाई उक्त फिल्ममा प्रस्तुत गरेको र मेरो भाइसँग कुनै मञ्जुरी नलिइकन गीत प्रसारण गरेको र आफूलाई फाइदा हुने र मेरो भाइलाई नोक्सान हुने गरी उक्त फिल्मको एल्बम प्रसारण गरेकोले निजहरू उपर कारवाही गरी क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने व्यहोराको जाहेरी । | यसमा प्रतिवादी मध्येका डाक्टर सिंह गुरुङलाई रू. २० हजार, प्रतिवादी संगीता राना मगर र थुकदेन भुटियालाई जनही रू. १० हजार प्रतिलिपि अधिकार उल्लंघनको कसूर गरेकोले जरिवाना ठहर्ने गरी फैसला भएको र प्रतिवादी मध्येका बन्दकि फिल्म प्रोडक्सन गर्ने डाक्टरसिंह गुरुङबाट रू. १५ हजार जाहेरवालाले क्षतिपूर्ति दिलाई भराई पाउने गरी मिति २०६५।३।२२ मा बांके जिल्ला अदालतबाट फैसला भएको । | पुनरावेदन नपरेको । | |

| क्र.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| २१. | प्र.ना.नि. ईन्द्रप्रसाद चौधरी समेतको प्रतिवेदनले नेपाल सरकार<br>विरुद्ध<br>जिल्ला बांके नेपालगंज न.पा.-१६ बस्ने प्रमात्मा प्रसाद बर्मा<br>मुद्दाः- प्रतिलिपि अधिकार दुरुपयोग । | जिल्ला बांके, नेपालगंज न.पा.-१ सुर्खेत रोड बस्ने प्रमात्मा प्रसाद बर्माले आफ्नो डाइमण्ड भिडियो पसलमा आफूलाई आर्थिक लाभ हुने गरी कम्प्युटर समेत राखी विभिन्न फिल्मका सीडी कम्प्युटर मार्फत प्रतिलिपि सीडी बिक्री वितरण गरेको पाइएको हुँदा निजको पसलबाट कम्प्युटर थान-१, सीडी थान २९, भिडियो सीडी थान ९ बरामद गरी दाखिला गरेका छौं भन्ने व्यहोराको प्र.ना.नि. इन्द्रप्रसाद चौधरी समेतको प्रतिवेदन | यसमा प्रतिलिपि अधिकार ऐन, २०५९ बमोजिमको कसूर गरेको देखिंदा पहिलो पटक रू. १० हजार जरिवाना ठहर्ने गरी बांके जिल्ला अदालतबाट मिति २०६३।७।१५ मा फैसला भएको । | यसमा शुरु बांके जिल्ला अदालतबाट प्रतिवादी प्रमात्मा प्रसाद बर्मालाई रू. १० हजार जरिवाना हुने ठहरेकोमा शुरुको फैसला केही उल्टी हुने ठहरेकोले बरामद भई अभियोगपत्र साथ दाखिला भएका सामान लिलाम गर्नु भन्ने शुरु जिल्ला अदालतमा लेखि पठाउने भनी पुनरावेदन अदालत नेपालगंजबाट मिति २०६४।५।९ मा फैसला भएको । | ९ महिना २४ दिन |
| २२. | पाइरेसी नियन्त्रण अनुगमन समितिको तर्फबाट संयोजक केदार प्रसाद पाठकको जाहेरीले नेपाल सरकार<br>विरुद्ध<br>कृष्ण भुपाल मल्लको छोरा काठमाडौं जिल्ला का.म.पा.-१७ घर भई ऐ. ७ बस्ने प्रधुम्न कुमार मल्ल समेत<br>मुद्दाः प्रतिलिपि अधिकार उल्लंघन | ओ.जी.म्युजिक कम्पनीबाट उत्पादित विभिन्न नेपाली चलचित्र MP3, DVD, VCD का चक्काहरूलाई डुप्लिकेट बनाई बिक्री वितरण गर्दै आएका सनसाइन नामक चक्का पसल, भगवती म्युजिक सप समेत २ वटा पसलका सञ्चालकलाई कारवाही गरी पाऊ भन्ने समेत व्यहोराको दिपु बस्नेतको निवेदन । | प्रतिवादी प्रचार मल्ल भन्ने प्रधुम्न मल्लले प्रतिलिपि अधिकार धनीको अनुमति नलिई लालसलाम, प्रेमपूजा लगायतका चलचित्रका प्रतिलिपिहरू उत्पादन गरी बिक्री वितरण गरी प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५(१)(क) कसूर गरेको देखिदा निज प्रतिवादी प्रचार मल्ल भन्ने प्रधुम्न मल्ललाई सोही ऐनको दफा २७ अनुसार १५ हजार जरिवाना र २० दिन कैद हुने ठहर भएको । अन्यको हकमा सफाई दिने गरी मिति २०६७।१।२७ मा फैसला भएको । | | |
| २३. | प्र.स.नि. भक्तबहादुर चौधरीको प्रतिवेदनले बादी नेपाल सरकार<br>विरुद्ध<br>जिल्ला कैलाली ध.न.पा.-१२, जुगेडा घर भई हाल ऐ.ऐ. क्याम्पस रोड स्थित | जि.कैलाली धनगढी बजारमा सांगीतिक सिर्जना सम्बन्धमा व्यवसाय गर्दै आइरहेका व्यक्ति फर्म र पसलको संलग्नतामा नेपाली फिल्म तथा गीतहरूको सक्कल सीडीबाट डविङ्ग गरी नक्कली सीडी चक्काहरू उत्पादन गरी बिक्री वितरण गर्छन भन्ने बुझिन आएकोमा सो सम्बन्धमा चेक जाँच गर्ने क्रममा जि. कैलाली ध.न.पा.-८ स्थित श्याम श्रेष्ठले सञ्चालन | यसमा प्रतिवादीले दविङ्ग गरेका चक्का आफूले गर्ने नगरेको भनी इन्कारी बयान दिनुका साथै साक्षीबाट समर्थित गराएको र डविङ्ग गरिएका चक्का नवदुर्गा प्रा.लि.बाट जाँच गराइएकोमा सो प्रा.लि. आधिकारीक नभएको भनी बादी पक्षको प्राप्त पत्रबाट दर्शिएको र प्रतिवेदकले | कैलाली जिल्ला अदालतको मिति २०६८।३।२८ को फैसला उपर पुनरावेदन अदालत दिपायलमा पुनरावेदन परेको । | |

| क.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| | श्रेष्ठ म्युजिक एण्ड मोबाइल ग्यालरीका सञ्चालक श्याम श्रेष्ठ<br><br>मुद्दाः प्रतिलिपि अधिकार सम्बन्धी । | गरेको म्युजिक एण्ड ग्यालेरी पसलमा विभिन्न नेपाली फिल्मका डविङ्ग गरेका सीडी चक्काहरू फेला परेकोले निज श्याम श्रेष्ठलाई आवश्यक कारवाहीका लागि बरामदी मुचुल्कामा उल्लेखित सीडी चक्काहरू बरामद गरी पेश गरेको छु भन्ने व्यहोराको स.प्र.नि. भक्तबहादुर चौधरीको प्रतिवेदन । | समेत आफुले बरामद नगरेको भन्ने लेखाई दिएको पाइन्छ, प्रतिवादीबाट अपराध गरेको भन्ने अन्य कुनै पनि प्रमाणबाट पुष्टि नहुँदा आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भनी कैलाली जिल्ला अदालतबाट मिति २०६८।३।२८ मा फैसला भएको । | | |
| २४ | प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार<br>विरुद्ध<br>जिल्ला कैलाली मालाखेती गा.वि.स. वडा नं. ७ घर भई ऐ.ऐ. अत्तरीया बजारमा सुरज मोबाइल सेन्टर पसलका सञ्चालक राम बहादुर प्रधान ।<br><br>मुद्दाः प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी | प्रतिवादी राम बहादुर प्रधानले सञ्चालन गरेको सुरज मोबाइल सेन्टर पसलबाट डविङ्ग गरिएका १० वटा सीडी चक्काहरू, कम्प्युटर, सीपीयु समेत बरामद भएबाट निजले आफ्नो पसलबाट प्रतिलिपि अधिकार धनीको अनुमति नलिई विभिन्न फिल्म सीडी डविङ्ग गरी बिक्री वितरण गरेको पुष्टि भएकोले प्रतिलिपि अधिकार ऐनको सजायको मागदावी लिई अभियोग पत्र दायर भएको । | यसमा प्रतिवादीले अदालतमा बयान गर्दा आफ्नो पसलमा कुनै प्रकारको सीडी चक्काहरू नभएको मोबाइल पसल पनि नरोखेको भनी इन्कारी बयान दिएको बकपत्र गर्दा प्रतिवादीको पसलमा कुनै चक्का बरामद भएको छैन भनी लेखाई दिएको, वादी पक्षबाट सीडी चक्का बरामद भएको भन्ने प्रमाण एकातर्फ देखिदैन भने अर्कोतर्फ सीडी जाँच गर्ने नवदुर्गा ट्रेड कन्सर्न आधिकारीक व्यक्ति संस्था नभएको भनी वादी पक्षबाट पत्र प्राप्त भएको देखिंदासबुद प्रमाणको अभावमा सफाई पाउने ठहर्छ भनी कैलाली जिल्ला अदालतबाट मिति २०६८।३।२२ मा फैसला भएको । | कैलाली जिल्ला अदालतको मिति २०६८।३।२२ को फैसला उपर पुनरावेदन अदालत दिपायलमा पुनरावेदन गरेको । | |
| २५. | प्र.स.नि. भक्तबहादुर चौधरीको प्रतिवेदनले बादी नेपाल सरकार<br>विरुद्ध<br>जिल्ला कैलाली ध.न.पा.-११, जुगेडा घर भई ऐ.ऐ. वार्ड नं. १ सेतो पुलस्थित स्मारिका भिडियोग्राफी पसलका | प्रतिवादी जगदीश रानाको पसलबाट डविङ्ग गरिएका १८ वटा सीडी चक्काहरू, कम्प्युटर सीपीयु समेत बरामद भएकोबाट निजले आफ्नो पसलबाट प्रतिलिपि अधिकार धनीको अनुमति नलिई गीत क्यासेट (सीडी) डविङ्ग गरेकोले प्रतिलिपि अधिकार ऐनको हदैसम्म सजाय हुन माग दावी लिई अभियोगपत्र दायर भएको । | यसमा बरामद भएका सीडी चक्काहरू मध्ये डविङ्ग आफुले नगरेको भनी प्रतिवादी कसुरमा इन्कार रहेको, बरामद चक्काको जाँच नवदुर्गा ट्रेड कन्सर्नबाट गराइएकोमा उक्त ट्रेड कन्सर्न आधिकारीक व्यक्ति वा संस्था भएको भन्ने पनि नदेखिएको, वस्तुस्थिति मुचुल्काका मानिस झंकर थापा र गोविन्द मुखियाको वकपत्रबाट समेत प्रतिवादीले अभियोग दावी | कैलाली जिल्ला अदालतको मिति २०६८।३।२२ को फैसला उपर पुनरावेदन अदालत दिपायलमा पुनरावेदन परेको । | |

| क.सं. | वादी/प्रतिवादी | मुद्दाको संक्षिप्त तथ्य | शुरु फैसला गर्ने अड्डा, फैसला मिति र फैसलाको संक्षिप्त व्यहोरा | पुनरावेदन फैसला गर्ने अदालत, फैसला मिति र फैसलाको व्यहोरा | शुरुफैसलादेखि पुनरावेदन फैसलासम्मका समयावधि |
|---|---|---|---|---|---|
| | सञ्चालक जगदीश राना<br><br>मुद्दाः प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी । | | अनुसारको कसूर गरेको नदेखिएको साथै आफ्नो इन्कारी प्रतिवादीले साक्षीबाट समर्पित गराएको देखिंदा सबुद प्रमाणको अभावमा सफाई पाउने ठहरी मिति २०६८।३।२२ मा कैलाली जिल्ला अदालतबाट फैसला भएको । | | |